## विषयसूची

### अध्याय १: परिचय


१. पृष्ठभूमि

२. विशेष समितिको औचित्य

३. विशेष समितिको गठन, जिम्मेवारी र सीमा

क) गठन

ख) कार्यक्षेत्र

ग) कार्यविधि

घ) कार्य अवधि र कठिनाई


### अध्याय २: अध्ययन विधि


४. अध्ययन विधि

क) कार्ययोजना तयारी

ख) सन्दर्भ सामाग्री अध्ययन

ग) मन्त्रालयका पदाधिकारी एवं विज्ञहरुसँग अन्तरक्रिया

घ) समितिका बैठक र बैठकका निर्णयहरु


### अध्याय ३: निष्कर्ष र सिफारिस


५. अध्ययनको निष्कर्ष

६. सिफारिस


### अनसूचीहरु


१. समिति सदस्यहरूको नामावली

२. समितिको कार्यविधि

३. समितिको बैठक एवं बैठकका निर्णयहरू

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जवाफ पत्र

५. आर्थिक मामिला तथा योजना मन्त्रालयको जवाफ पत्र

# अध्ययन १: परिचय

## १. पृष्ठभूमि

आर्थिक वर्ष २०८०।८१ को बजेट तथा कार्यक्रमको सम्बन्धमा बजेट तथा कार्यक्रम समावेशी नभएको भनी दलहरूबीच देखिएको असहमतिका कारण प्रदेश सभा बस्न नसकेको तथा प्रदेश सरकार र प्रदेश सभा सदस्यहरुबीच बढ्दै गएको असमझदारीको समाधान गरी बागमति प्रदेशको सन्तुलित विकास गर्न पटक पटकको प्रदेश सरकार र प्रदेश सभामा रहेका दलहरू वीच भएको छलफल तथा वार्ता मार्फत समझदारी कायम गरी प्रदेश सरकारको तर्फबाट माननीय मुख्यमन्त्री र माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले आ.ब. २०८०/०८१ को बजेट तथा कार्यक्रमको सम्बन्धमा सभा समक्ष गर्नु भएको प्रतिवद्धतालाई संविधान तथा प्रचलित कानून अनुसार कार्यान्वयन गर्न गराउनका लागि सिफारिस गर्ने गरी ११ जना माननीय सदस्यहरू रहेको बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति प्रदेश सभा नियमावली (पहिलो संशोधन सहित), २०७४ को नियम १५२ बमोजिम **बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति** गठन गरिएको हो।

## २. विशेष समितिको औचित्य

आर्थिक वर्ष २०८०।८१ को बजेट तथा कार्यक्रमका सम्बन्धमा मिति २०८०।०३।१८ गते प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल तथा सरकार पक्षबीच भएको सहमती, मिति २०८०।०३।२० को प्रदेश मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरु, माननीय मुख्यमन्त्री तथा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा व्यक्त गर्नुभएको प्रतिवद्धता कार्यान्वयन नहुनुको कारण पहिचान गरी प्रचलित कानूनी व्यवस्था बमोजिम नै बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि सरकारलाई निर्देशन दिन सभालाई सिफारिस गर्ने ।

## ३. विशेष समितिको गठन, कार्यक्षेत्र र सीमा

### क) गठन

मिति २०८० फागुन महिनाको १७ गते प्रदेश सभाको निर्णय अनुसार देहाय बमोजिमको ११ सदस्यीय **बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति** गठन भएको हो । समितिका सदस्य तथा समितिको कार्यविधि अनुसूची-१ मा समावेश छ ।

| | |
|---|---|
| १. माननीय गोविन्द लम्साल | संयोजक |
| २. माननीय इन्द्र प्रसाद गोतामे | सदस्य |
| ३. माननीय उद्धब थापा | सदस्य |
| ४. माननीय गिर बहादुर तामाङ्ग | सदस्य |
| ५. माननीय डा. दिनेशचन्द्र देबकोटा | सदस्य |

| | | |
|---|---|---|
| ६. | माननीय प्रभात तामाङ्ग | सदस्य |
| ७. | माननीय वसन्त प्रसाद मानन्धर | सदस्य |
| ८. | माननीय रत्न प्रसाद ढकाल | सदस्य |
| ९. | माननीय रमा आले मगर | सदस्य |
| १०. | माननीय मधुसुदन पौडेल | सदस्य |
| ११. | माननीय शैलेन्द्रमान बज्राचार्य | सदस्य |

**ख) कार्यक्षेत्र**

समितिको प्रमुख जिम्मेवारी माननीय मुख्यमन्त्री तथा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले सभा समक्ष व्यक्त गर्नुभएको प्रतिवद्धतालाई प्रचलित कानूनी व्यवस्था अनुसार आर्थिक बर्ष २०८०।८१ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिन प्रदेश सभालाई सिफारिस गर्ने हो ।

**ग) कार्यविधि**

यस अन्तर्गत समितिका बैठकहरु बस्ने, कार्ययोजना बनाउने, विज्ञहरुसँग छलफल गरी राय सुझाव लिने, सरकारको निर्णय कार्यान्वयन नहुनुको कारण बारे सरकारका जिम्मेवार निकायसँग लिखित जवाफ माग गर्ने र निकास निकाल्न सिफारिस गर्नु हो ।

**घ) कार्य अवधि र कठिनाइ**

समितिले २०८० साल फागुन २९ गते मंगलबार दिनको ३ बजे बस्ने प्रदेश सभाको बैठकमा प्रतिवेदन पेश गर्नु समितिको कार्य अवधि हो । छोटो समयमा समितिले गर्नुपर्ने कामको लागि प्रदेश प्रमुख सचिव र सम्बन्धित सचिवहरु उपलब्ध हुन नसक्नुबाट प्रदेश सरकारका निकायहरु उदासिन रहेको पाइयो । आगामि दिनको लागि संसदीय मर्यादा कायम राख्न प्रदेश सरकार र निकायहरुलाई ध्यानाकर्षण गराइन्छ ।

## अध्याय २: अध्ययन विधि

### ४. अध्ययन विधि

**क) कार्ययोजना तयारी**

- समितिका सबै सदस्यहरुको सहभागितामा कार्ययोजना तयारी भयो ।
- समितिका सबै सदस्यहरुको सहभागितामा समिति सञ्चालन कार्यविधि तर्जुमा भयो ।

**ख) सन्दर्भ सामाग्री अध्ययन**

सन्दर्भ सामाग्रीहरुको रुपमा निम्न सामाग्रीहरुको अध्ययन गरियो:

- नेपालको संविधान
- प्रदेश आर्थिक कार्यविधि (संशोधन समेत) ऐन, २०७४
- प्रदेश विनियोजन ऐन, २०८०
- मिति २०८०।०३।१८ गते प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल तथा सरकार पक्षबीच भएको सहमती पत्र
- मिति २०८०।०३।२० को प्रदेश मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरु
- माननीय मुख्यमन्त्री तथा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा व्यक्त गर्नुभएको प्रतिवद्धताको अडियो रेकर्ड
- मिति २०८०।०३।३१ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आर्थिक मामिला तथा योजना मन्त्रालयलाई लेखेको पत्र
- मिति २०८०।०७।१५ को अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव पत्र

**ग) मन्त्रालयका पदाधिकारी र विज्ञसँग अन्तरक्रिया**

- मिति २०८०।११।२३ गते पूर्व कानून सचिव श्री चिरञ्जीवी खनाल र पूर्व योजना तथा बजेट सम्वन्धमा अर्थ मन्त्रालयमा काम गर्नु भएका विज्ञ डा. डिल्ली अर्यालसँग छलफल गरी सुझाव संकलन गरियो ।
- मिति २०८०।११।२७ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रतिनिधिसँग राय परामर्श लिइयो ।

**घ) समितिका बैठक**

अध्ययनका समग्र कार्यहरु सम्पन्न गर्न समितिका महत्वपूर्ण बैठकहरु पटक पटक सम्पन्न भएका छन। तीमध्ये औपचारिक रुपमा ३ वटा बैठक र एक (१) वटा छलफल कार्यक्रम सम्पन्न भएका थिए। जसमा समितिका पदाधिकारीहरू ३३ र आमन्त्रित ४ गरी जम्मा ३७ जनाको उपस्थिति रहेको थियो भने अन्तिम बैठक प्रतिवेदनलाई समितिको सतप्रतिशत उपस्थितिमा सर्वसम्मतरुपमा समान धारणा सहित बैठकले निर्णय गरी निर्णयार्थ आवश्यक प्रक्रिया अघि बढाउनका लागि सभामुख समक्ष पेश गर्ने कार्यक्रम तय गरियो।बैठकको संक्षिप्त विवरण अनुसूची-३ मा समावेश छ।

## अध्याय ३: निष्कर्ष र सिफारिस

### ५. अध्ययनको सिलसिलामा विशेष ध्यानाकर्षण

क) नेपालको संविधानको धारा २०७ मा प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभा समक्ष पेश गर्दा प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरु समेत खुलाई पेश गर्नु पर्ने र धारा २०८ मा प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने

रकम शीर्षकमा उल्लेख गरी विनियोजन विधेयकमा राखिने व्यवस्था रहेको हुँदा प्रदेश सभाबाट स्वीकृत विनियोजन ऐनमा कार्यक्रम/आयोजना/क्रियाकलाप समावेश गर्नुपर्ने ।

ख) रकमान्तरका सम्बन्धमा नेपालको संविधानको धारा २१३, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ को उपदफा (१) र प्रदेश विनियोजन ऐन, २०८० को दफा ३ को उपदफा (२) मा अनुसूची २ को महल ३ ले गरेका व्यवस्थाहरुबाट विनियोजन ऐनमा समावेश भएको कुनै एक खर्च शीर्षकमा बचत हुने रकमबाट विनियोजन ऐनमा समावेश भएको कुनै अर्को खर्च शीर्षकमा रकम अपुग हुने देखिएको अवस्थामा मात्र रकमान्तर गर्न सकिने व्यवस्था गरेको हुँदा विनियोजित शिर्षकका कार्यक्रम/आयोजना/क्रियाकलापमा बजेटमा समावेश/थप गरी रकमान्तर गर्न सक्ने देखिएको ।

ग) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को परिच्छेद-३ र प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को परिच्छेद-४ मा वार्षिक बजेट तर्जुमाको समयसीमा सहितको प्रक्रिया र आयोजना छनोट तथा बजेट विनियोजनका आधार तथा मापदण्ड तोकिएको हुँदा मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली (PLMBIS) मा आयोजनाको प्रविष्टि विषयगत मन्त्रालयले गर्ने कानूनी व्यवस्था रहेको ।

**घ)** विनियोजन ऐनमा समावेश भई प्रदेश सभाबाट स्वीकृत भएका आयोजना/कार्यक्रम कार्यान्वयन गर्न सक्ने हुँदा मिति २०८०।०३।१८ गते प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल तथा सरकार पक्षबीच भएको सहमती पत्र, मिति २०८०।०३।२० को प्रदेश मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुलाई कार्यान्वयन गर्न माननीय मुख्यमन्त्री तथा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा व्यक्त गर्नुभएको प्रतिवद्धताको अडियो रेकर्ड समेतका आधारमा र मुख्यमन्त्रीको कार्यालयको मिति २०८०।०३।३१, आर्थिक मामिला तथा योजना मन्त्रालयको अर्थ विविधबाट योजना समायोजन गर्ने माननीय आर्थिक मामिला तथा योजना मन्त्रीको मिति २०८०।०५।२४ को तोक आदेशसमेत अध्ययन गरिएको।

ङ) संविधानको धारा १८७ को उपधारा (२) मा यस संविधानको अधीनमा रही प्रदेश सभालाई आफ्नो काम कारबाही र निर्णय गर्ने पूर्ण अधिकार रहनेछ र प्रदेश सभाको कुनै काम कारबाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार प्रदेश सभालाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन भनी प्रदेश सभाको विशेष अधिकार रहेकोमा प्रदेश सभाका काम, कर्तव्य र अधिकारलाई अंकुश लगाउने किसिमको अख्तियार दूरुपयोग अनुसन्धान आयोगको सुझाव पत्र प्रति समितिको ध्यानाकर्षण भएको। व्यवस्थापिकाको संवैधानिक व्यवस्था र औचित्यलाई भुली परिपत्र गर्ने परिपाटी संवैधानिक निकायको कार्यक्षेत्र नभएको ठम्माई ।

## ६. सिफारिस

क) प्रदेश सभाबाट चालु आर्थिक वर्ष २०८०।८१ को बजेट पास गर्नुपूर्व प्रदेश सरकार र प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुका आयोजना समावेश गर्ने सहमति भएको, माननीय मुख्यमन्त्री र माननीय आर्थिक मामिला तथा योजना मन्त्री समेतबाट मिति २०८०।०३।२० को प्रदेश सभाको बैठकलाई सम्वोधन गर्ने क्रममा उल्लिखित सहमति बमोजिमका आयोजना चालु आर्थिक वर्ष २०८०।८१ को बजेटमा समावेश गरी कार्यान्वयन गरिने प्रतिवद्धता जनाएको, उपर्युक्त सहमति र प्रतिवद्धता बमोजिम मिति २०८०।०३।२० गते प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई प्रस्तावित बजेट सहितका आयोजनाको सूची (यसैसाथ संलग्न अनुसूची ४ बमोजिमको) कार्यान्वयनका लागि निर्देशन सहित पठाइएको, तर हालसम्म पनि प्रदेश सरकारबाट ती आयोजनाहरु कार्यान्वयन नगरिएको सन्दर्भमा उल्लिखित आयोजनाहरु प्रदेश सरकार, मन्त्रिपरिषद् बाट तपशील बमोजिम गर्न गराउन निर्णय गरि तत्काल कार्यान्वयनमा लैजान यस विषय समितिले सिफारिस गरिएको छ । अध्ययन १ को घ) अनुसार प्रदेश सभाको मिति २०८०।११।२९ को बैठकबाट निर्णयसहित प्रदेश सरकार, मन्त्रिपरिषद्लाई यो निर्देशन दिनु मनासिव देखिन्छः

तपशीलः

१. संलग्न सूची बमोजिमका आयोजना सम्वन्धित विषयगत मन्त्रालय तथा निकायले मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गर्ने र आर्थिक मामिला तथा योजना मन्त्रालयले सोका लागि आवश्यक सहजीकरण र समन्वय गर्ने,

२. उल्लिखित आयोजनामा प्रस्ताव गरिएको बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्थ विविध वा अन्य उपयुक्त शीर्षक अन्तरगतको पूँजीगततर्फ विनियोजित रकमबाट रकमान्तर गरी व्यवस्था गर्ने,

३. विषयगत मन्त्रालय तथा निकायले आफू अन्तर्गतका सम्बन्धित विषयगत कार्यालयहरुमार्फत उल्लिखित आयोजनाहरुको नियमानुसार कार्यान्वयन गर्ने गराउने ।

ख) थप आयोजनाहरुको हकमा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को परिच्छेद-३ र प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को परिच्छेद-४ मा वार्षिक बजेट तर्जुमाको समयसीमा सहितको प्रक्रिया र आयोजना छनोट तथा बजेट विनियोजनका आधार तथा मापदण्ड तोकिएको हुँदा मन्त्रालयगत बजेट आयोजनाहरुले प्रचलित ऐन, नियम बमोजिम कार्यान्वयन गर्न सक्ने हुँदा सोही अनुसार गरी पूँजीगत खर्च गर्न गराउनु हुन प्रदेश सरकारलाई निर्देशन दिने निर्णय सिफारिस गरियो ।

ग) अध्याय ३, ६ क) को सिफारिस योजनाहरु, कार्यक्रमहरुको हकमा चैत्र को पहिलो हप्ता भित्र कार्यान्वयन सुरु गर्न सरकारलाई समय सिमा तोकी निर्देशन दिने सिफारिस गरियो ।

घ) अध्याय ३, ६ क) को सिफारिस योजनाहरु, कार्यक्रमहरुको हकमा माननीय मुख्यमन्त्री र माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले गर्नुभएको प्रतिवद्धतालाई पूनः प्रदेश सभाले अनुमोदन गर्ने।

अनसूचीहरु


| | | |
|---|---|---|
| १. | समिति सदस्यहरूको नामावली | अनसूची-१ |
| २. | समितिको कार्यविधि | अनसूची-२ |
| ३. | समितिको बैठकको निर्णयहरू | अनसूची-३ |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जवाफ पत्र | अनसूची-४ |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालयको जवाफ पत्र | अनसूची-५ |